## परियोजनाको कार्यक्षेत्र

दिगो कृषिसम्बन्धी विभिन्न प्रविधिहरूको समुदायस्तरमा गरिने सहभागितामूलक परीक्षणका लागि यो परियोजना कास्कीको माझठाना र धादिङको जोगीमारा गरी दुई गाउँ विकास समितिहरूमा लागू हुनेछ । यद्यपि, प्रमाणित भइसकेका प्रविधिहरूको मागवमोजिम विक्री तथा विस्तार भने निजी कम्पनीको सञ्जाल मार्फत देशभरि नै गरिनेछ ।



## साझेदारी तथा कार्यान्वयनका तरिकाहरू

यो परियोजना अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्द्र (IDRC) क्यानडा र परराष्ट्र मामिला व्यापार तथा विकास विभाग, क्यानडा सरकारको आर्थिक सहयोगमा सञ्चालन भइरहेको छ । जसमा ग्वेल्फ विश्वविद्यालय क्यानडा, ली-बर्ड, अनमोल बीउ र नेपाल कृषि अनुसन्धान परिषद्को संगलग्नता रहेको छ । यो दोस्रो चरणको क्यानेडियन अन्तर्राष्ट्रिय खाद्य सुरक्षा अनुसन्धान कोष (CIFSRF) अन्तर्गतको कार्यक्रम हो । यस परियाजना अन्तर्गत ग्वेल्फ विश्वविद्यालयले विभिन्न किसिमका अनुसन्धानका साथै प्राविधिक सहयोग गर्नेछ भने ली-बर्डले किसानका खेतमा र नार्कले आफ्नो अनुसन्धान केन्द्रमा पहिचान नभएका प्रविधिहरूको परीक्षण गर्नेछन् । त्यसै गरी किसानबाट आएको मागका आधारमा अनमोल बीउ कम्पनीले देश-विदेशका विभिन्न कम्पनीहरूसँग सहकार्य गरी विविध कृषि सामग्री/प्रविधि स्थानीय स्तरमा उपलब्ध गराउने काम गर्नेछ । क्यानेडियन मनोनाइट विश्वविद्यालयले परियोजना लागू गर्ने संस्थाहरूलाई कृषि प्रविधिहरूको विकासमा र त्यस्ता विकसित प्रविधिहरूको खासगरी महिला किसानहरूमा देखिने प्रभावको जाँच गर्न सहयोग गर्नेछ ।



## परियोजना सञ्चालन अवधि

यस परियोजनाको अवधि २०७१ साउनदेखि २०७३ माघसम्म रहनेछ ।

## दातृ निकाय

यस परियोजनामा वैदेशिक मामिला, व्यापार तथा विकास विभाग (DFATD) मार्फत क्यानडा सरकारको र अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्द्र (IDRC) क्यानडाको आर्थिक सहयोग रहेको छ ।

**जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)**
पो.ब.नं. ३२४, गैह्रापाटन, पोखरा
फोन: ०६१-५२६८३४, ५३५३५७
फ्याक्स: ०६१-५३९९५६
इमेल: info@libird.org
सम्पर्क व्यक्ति: रोशन पुडासैनी (rpudasaini@libird.org)

**अनमोल बीउ प्रा. लि.**
पो.ब.नं. २८, भरतपुर, चितवन
फोन: ०५६-५२३००६
फ्याक्स: ०५६-५२३००६
इमेल: info@anamolbiu.com
सम्पर्क व्यक्ति: उत्तम अधिकारी (uttam@anamolbiu.com)

**कृषि विभाग, गोएल्फ विश्वविद्यालय**
पो.ब.नं. ५०, स्टोन रोड
फोन: १-५१९-८२४-४१२०X५३३९६
फ्याक्स: १-५१९-७६३-८९३३
सम्पर्क व्यक्ति: मनिष रैजादा (raizada@uoguelph.ca)

Foreign Affairs, Trade and Development Canada
Affaires étrangères, Commerce et Développement Canada
IDRC | CRDI
International Development Research Centre
Centre de recherches pour le développement international
Canada

**आवरण तस्विर:** रोशन पुडासैनी/ली-बर्ड
**डिजाइन:** महेश श्रेष्ठ/ली-बर्ड

CELEBRATING 20 YEARS
Diversifying Choices, Securing Livelihoods

# गह्रे खेतीका लागि दिगो कृषि प्रविधि

## एक परिचय

